नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ६० २०८२ साल असोज ११ गते शनिबार (27 Sep 2025 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : दिगो रुपान्तरणमुखी पर्यटनमा... ३ पृष्ठमा : नेपालकै पहिलो सामाजिक ... ३ पृष्ठमा :ट्रम्पको नयाँ शुल्क ...

## देव समुदायको प्रथम अन्तर्राष्ट्रिय महासम्मेलन हुँदै



**दैनिक समाचारदाता**
**राजविराज, १० असोज ।**

जातिको उत्थान र पहिचानका लागि देव समुदायको प्रथम अन्तराष्ट्रिय महासम्मेलन राजविराजमा हुने भएको छ ।

विभिन्न स्थानमा क्रियाशील पाँच वटा जातिय संस्थाको संयुक्त आयोजनामा १७ असोजदेखी २० असोजसम्म उक्त महासम्मेलन हुन लागेको हो ।

मुल आयोजक समितिले शुक्रबार आयोजना गरेको पत्रकार सम्मेलनमा महासम्मेलनको मुख्य उद्देश्य विश्वभर छरिएर रहेका देव समुदायलाई संगठित गरी उनीहरुको आर्थिक सामाजिक राजनीतक र साँस्कृतीक पक्ष सबल बनाइ सशक्तिकरण तथा एक आपसमा सदभाव बढाउनु रहेको जनाएको छ ।

समितिका संयोजक ई. इन्द्रनाराण देवले नेपालमै पहलो पटक देव समुदायको अन्तराष्ट्रिय सम्मेलन हुन लागेको भन्दै यसलाई भव्य र सभ्य बनाउन सबैसंग पत्रकार सम्मेलन मार्फत आग्रह समेत गरे ।

पछिल्लो जनगणना अनुसार नेपालमा कुल ७ हजार ४ सय ७८ जनसंख्या रहेको देव समुदाय अल्पसंख्यक जातीमा सूचिकृत भएको बताएका उनले आफूहरु अल्पसंख्यक नभई अति अल्पसंख्यक जातिमा परेको र राज्यबाट विभेदको शिकार हुने गरेको गुनासो समेत पोखे ।

महासम्मेलनमा नेपाल र भारतका साथै विश्वका विभिन्न मुलुकमा बसोबास गर्ने देव समुदायका अगुवाहरु गरी करिब चार सय प्रतिनिधि सहभागी हुने पत्रकार सम्मेलनमा आयोजक समितिका सहसंयोजक इन्द्रकुमार देवले जानकारी दिए । यस्तो सम्मेलनले देव समुदायको उत्थान र पहिचानका साथै जिल्लाको पर्यटन विकास र आर्थिक समृद्धिमा समेत टेवा पुर्‍याउने उनको कथन थियो ।

देव समुदायको जातिय संगठन बागेश्वरी सेवा समिति राजविराज, भवानी सेवा समिति राजविराज, बिराट देव सेवा समिति बिराटनगर, देव समाज बिर्तामोड र देव समाज काठमाडौंको संयुक्त आयोजनामा उक्त महासम्मेलन हुन लागेको उनले जानकारी दिए ।

तीनदिन सम्म स्थानिय बागेश्वरी मन्दिर परिसरमा चल्ने महासम्मेलनमा देव जातिको पहिचान, इतिहास निर्माण, आपसी सदभाव समन्वय, जातिय धर्म संस्कृतीको संरक्षण, जातिय आरक्षण र समाजमा व्याप्त कुरिती लगायतका विषयमा व्यापक छलफल हुने र अन्तिमदिन राजविराज घोषणापत्र जारी गरिने आयोजक समितिले जनाएको छ ।

## पोखरीमा डुबेर पुरुषको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १० असोज ।**

सप्तरीको बोदेबर्साइन नगरपालिकामा पोखरीमा डुबेर एक पुरुषको मृत्यु भएको छ । वडा नं. ९ स्वर्णपट्टी टोल घर भएका ५० बर्षीय हंसलाल यादवको पोखरीमा डुबेर मृत्यु भएको हो ।

बिहीबार साँझ घरबाट निस्केको तर घर नफर्किंदा उनको खोजी भइरहेको थियो । खोजी गर्ने क्रममा शुक्रबार घर नजिकैको सार्वजनिक पोखरीमा मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

## आठ हजारभन्दा बढी कैदीबन्दी कारागारमा फर्किए, साढे हजार अझै फरार

काठमाडौं, १० असोज (रासस) ।

देशका २८ वटा कारागार र नौ वटा सुधारगृहबाट भागेका १४ हजार ५४९ कैदीबन्दीमध्ये हालसम्म आठ हजार ५४ जना कारागारमा फर्किएका छन् । फर्किएकामा कारागारबाट भागेका सात हजार ७१३ र सुधारगृहबाट भागेका ३४१ जना रहेको कारागार व्यवस्थापन विभागले जनाएको छ ।

विभागका निर्देशक चोमेन्द्र न्यौपानेका अनुसार कतिपय आफैं आएका हुन् भने कतिपयलाई सुरक्षाकर्मीले पक्राउ गरी ल्याइएको हो । उहाँका अनुसार अझै छ हजार ४९४ कैदीबन्दी फरार छन् । फरार हुनेमा कारागारबाट भागेका पाँच हजार ८७२ र सुधारगृहबाट भागेका ६२२ जना रहेका छन्· । उनीहरूको खोजी जारी रहेको न्यौपानेले बताउनुभयो ।

जेनजी आन्दोलनका क्रममा गत भदौ २४ गते कारागारबाट

*बाँकी तीन पृष्ठमा*

## 'सुरक्षित र सूचीकृत स्वास्थ्य संस्थाबाट मात्र गर्भपतन सेवा लिऔँ'

काठमाडौं, १० असोज (रासस) ।

असुरक्षित गर्भपतनका कारण हुने मातृ मृत्युदर घटाउन सुरक्षित र सूचीकृत स्वास्थ्य संस्थाबाट मात्र गर्भपतन सेवा लिन सरकारले आग्रह गरेको छ ।

शुक्रबार ११औँ राष्ट्रिय सुरक्षित गर्भपतन सेवा दिवसका अवसरमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सुरक्षित गर्भपतनका लागि देशभर दुई हजार ८२७ वटा सूचीकृत स्वास्थ्य संस्थाबाट सेवा प्रवाह भइरहेको समेत जनाएको छ ।

मन्त्रालयले महिलाको प्रजनन स्वास्थ्य र अधिकारलाई सुनिश्चित गर्न सुरक्षित गर्भपतन सेवामा लक्षित वर्गको सहज पहुँच, गुणस्तरीय सेवा र यसको स्वीकार्यता देशभर बिस्तार गर्न प्रतिबद्धतासमेत व्यक्त गरेको छ ।

'सुरक्षित जीवनका लागि, सुरक्षित गर्भपतन सेवा' भन्ने नारासहित देशभर यो दिवस विभिन्न जनचेतनामूलक कार्यक्रमसहित मनाइँदै छ । स्वास्थ्यकर्मी, महिला अधिकारकर्मी र सरोकार भएकाहरूले महिलाको स्वास्थ्य र जीवनसँग प्रत्यक्ष जोडिएको गर्भपतन सेवामा अझै पनि संरचनागत कमजोरी, कानुनी अष्पष्टता र सामाजिक लाञ्छनाले चुनौती सिर्जना गरिरहेको बताएका छन् । सुरक्षित

*बाँकी तीन पृष्ठमा*

## प्रधानमन्त्री कार्कीको नाममा कुनै पनि सामाजिक सञ्जाल छैन : प्रधानमन्त्री कार्यालय

काठमाडौं, १० असोज (रासस) ।

प्रधानमन्त्री सुशीला कार्कीको नाममा कुनै पनि सामाजिक सञ्जाल नरहेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले जनाएको छ ।

कार्यालयका प्रवक्ता रविलाल शर्माले एक विज्ञप्ति जारी गरी प्रेस बिज्ञप्तिमा प्रधानमन्त्री नामको कुनै पनि सामाजिक सञ्जाल नरहेको उल्लेख छ ।

"प्रधानमन्त्री सुशीला कार्कीको नाम उल्लेख गरी नक्कली आइडी बनाइ फेसबुक/ट्वीटर जस्ता सामाजिक

*बाँकी तीन पृष्ठमा*

## फागुन २० गतेसम्म १८ वर्ष पूरा हुने नागरिकले मतदान गर्न पाउने

काठमाडौं, १० असोज (रासस) ।

निर्वाचन आयोगले आगामी फागुन २० गतेसम्म १८ वर्ष उमेर पूरा हुने नागरिकले आसन्न प्रतिनिधिसभा निर्वाचनमा मतदान गर्न पाउने जनाएको छ । आयोगले बिहीबार प्रेस विज्ञप्ति जारी गर्दै १६ वर्ष पूरा गरी नागरिकता प्राप्त गरेका नेपाली नागरिकले मतदाता नामावलीमा नाम दर्ता गर्न सक्ने जनाएको हो ।

नेपालको संविधानको धारा ८४ को उपधारा ५ मा १८ वर्ष पूरा गरेका बालिग नागरिकले मतदान गर्नसक्ने व्यवस्था रहेको छ । "१६ वर्ष पूरा गरी नागरिकता प्राप्त

*बाँकी अन्तिम पृष्ठमा*

**हिंसा होइन, माया र सहिष्णुता बढाऔं ।**

हिंसा हुन नदिऔं:

- ❖सबै प्राणीप्रति करुणा र सम्मान राखौं,
- ❖द्वन्द्व होइन, संवाद र समझदारी अपनाऔं,
- ❖परिवारदेखि समाजसम्म शान्ति फैलाऔं,
- ❖हिंसात्मक क्रियाकलापबाट बचौं,
- ❖बालबालिका, महिला र अन्य कमजोर वर्गको सुरक्षा गरौं,
- ❖द्वेष र घृणा नफैलाऔं,
- ❖सामाजिक विवादमा धैर्यता र संयमता अपनाऔं,
- ❖तनाव र रिसलाई व्यवस्थापन गरौं,
- ❖समस्याको शान्तिपूर्ण समाधान खोजौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# दिगो रुपान्तरणमुखी पर्यटनमा नयाँ अवसर : आरोग्य पर्यटन

**डा चेतनाथ कणेल**
काठमाडौँ, १० असोज (रासस) ।

संयुक्त राष्ट्रसङ्घीय पर्यटन संस्था (युएन टुरिजम)ले सन् २०२५ को विश्वपर्यटन दिवसका लागि तोकेको नारा हो 'दिगो रूपान्तरणका लागि पर्यटन' । त्यसैअनुरूप विश्वले यतिबेला पर्यटनलाई साँच्चै दिगो रूपान्तरणको औजार कसरी बनाउने भन्ने कुरामा विशेष रूपले सोचिराखेको छ । पर्यटनलाई स्थानीय समुदायको जनजीविका उत्थानको दिगो र दरिलो 'साधन' बनाउने मामलामा विश्व नै चुकेको अवस्था छ । पर्यटनको लाभ सीमित क्षेत्र र सीमित वर्गमा केन्द्रित हुँदा पर्यटन विकासबाट समृद्धि, न्यायोचित लाभ वितरण एवं यसका बहुआयामिक लाभबाट हुनुपर्ने सकारात्मक र टिकाउमूलक विकासमा जेजति अपेक्षा गरिएको थियो, त्यो कहीँ पनि पूरा हुन सकेको छैन ।

पर्यटनको लाभ वितरणको मामला कम विकसित तथा विकासोन्मुख मुलुकमा अझ टड्कारो बनेको छ । पर्यटनबाट हुने आयको अधिकांश हिस्सा बाहिरिने ('लिकेज' हुने) रोगले सबैजसो मुलुकलाई सताएको छ । पर्यटकहरूको भीड बढ्दैमा स्थानीय लाभ बढ्छ भन्ने छैन, पर्यटकको सङ्ख्या आकासिँदैमा त्यस गन्तव्यका बासिन्दाको जनजीविकाको सवालमा ठोस परिवर्तन आउँछ भन्ने पनि हुँदैन । मूल कुरा स्थानीय खपत कति हुन्छ र पर्यटनबाट हुने समग्र आयको कति अंश स्थानीयस्तरमा नै बस्छ भन्ने हो । नेपालका सन्दर्भमा यो सवाल झनै चिन्तनीय र मननीय छ । विदेशी जहाज चढेर नेपाल आउने, अनि नेपालमा बस्दा पनि विदेशी खाना र पेय खपत गर्ने, विदेशी ब्रान्डकै वा फ्रेन्चाइजमा खुलेका होटलमा बास बस्ने, अनि कहिलेकाहीँ त विदेशबाटै आउने टोलीको सदस्यले नै गाइड गर्ने गरेको देखिन्छ । यस्तो अवस्थामा नेपालभित्रै बस्ने विदेशी मुद्रा कति होला त ? हामी सहजै अनुमान गर्न सक्छौँ । नेपालको यो नियतिले पर्यटन विकासको औचित्य सावित हुँदैन । अनेक समस्याबीच अल्झेको हाम्रो पर्यटन धिमा गतिमा चल्ने र लाभ पनि स्थानीयस्तरमा ज्यादै कम हुने अवस्था विद्यमान रहेको छ । यस अवस्थालाई पार लगाउनका लागि नेपालको पर्यटनमा वैकल्पिक उपाय अपनाउनु ज्यादै आवश्यक भएको छ ।

पदयात्रा पर्यटन, पर्वतारोहण पर्यटन, जङ्गल सफारी पर्यटन, आध्यात्मिक तथा धार्मिक पर्यटन, व्यापार तथा बिदा पर्यटन नेपालका चलनचल्तीका पर्यटन हुन्, जसले नेपालको पर्यटनलाई सन् १९५० को दशकदेखि हालसम्म डोऱ्याएर ल्याएका छन् । नेपालको पर्यटन सामान्य डोरिएको मात्रै छ, अपेक्षित र तीव्र विकास त नेपालको पर्यटनमा कहिल्यै हुन सकेन । विश्वका कतिपय मुलुक र छिमेककै पर्यटन हेऱ्यो भने पनि नेपालको पर्यटन विकासको गति देखेर आफैँलाई रुन मन लाग्छ । सन् २०१० मा म भियतनामका लागि पर्यटन विकास विशेषज्ञ (परामर्शदाता) भई जाँदा त्यहाँ वार्षिक पर्यटक आगमन जम्मा ६० लाखको हाराहारीमा थियो, तर त्यही सङ्ख्या अहिले करिब दुई करोडको हाराहारीमा पुग्दैछ । तर नेपालको वार्षिक पर्यटक आगमन विगत १५ वर्षयता उही १०-११ लाखको हाराहारीमा फन्का मारिरहेको छ । हामी १२ लाखबाट माथि अहिलेसम्म उक्लिन सकेका छैनौँ । यो विडम्बनाभित्र अनेक कारण छन् । ती सबै कारण खोतल्नु यस आलेखको उद्देश्य होइन । तर पनि एक विशेष सन्दर्भ यहाँ के प्रकाश पार्न खोजिएको छ भने, नेपालको पर्यटनमा पर्यटन उपज (प्रोडक्ट) तथा क्रियाकलाप (एक्टिभिटिज) को विविधता विकास गर्ने क्रममा हामी ज्यादै पछि परेका छौँ । प्रकृति, संस्कृति र साहसिक पर्यटनको उत्कृष्ट गन्तव्य भनेर जति भट्याए पनि बाह्य पर्यटकले हामीलाई अझ पत्याइरहेका छैनन् । खास पर्यटकको ढोका, कोठा र आँगनमा हामी पुग्न सकेका छैनौँ ।

हो पूर्वाधारको कमी छ, प्रचारको कमी छ, सचेतनाको कमी छ, विश्वस्तरको क्षमता पर्यटनकर्मीमा बढाउन सकेका छैनौँ, आदिजस्ता अनेक बाधा र अड्चन नेपाली पर्यटनमा छँदैछन्, तर पनि हाम्रो अपेक्षा विश्वका अन्य देशले जस्तो आक्रामक खालको कहिल्यै छैन र प्रक्षेपण पनि खरायोरूपी गरेकै छैनौँ । हामीले त आजभन्दा १० वर्षअघि बनाएको नेपालको राष्ट्रिय पर्यटन विकास रणनीति पनि सामान्य खालको बढोत्तरी अपेक्षा गर्दै सन् २०२५ सम्ममा २५ लाख पर्यटक भित्र्याउने लक्ष्य तय गरेका थियौँ । तर २०१५ को महाविनाशकारी भूकम्पपछिको पुनर्निर्माणमा भएको ढिलाइ, संविधान निर्माणपछिको भारतीय अर्घेल्याइँ र सम्बन्धित विद्रोह तथा आन्दोलनहरू, सन् २०२० र २०२१ मा देखिएको कोरोना महामारीले पारेको विश्वव्यापी सङ्कट आदिजस्ता अनपेक्षित अवस्था र कारणहरूले नेपाली पर्यटनमा जहिले पनि उडायो सपना सबै हुरीले भन्ने नेपाली गीत चरितार्थ बन्दै आएको दुःखद् अवस्था छ । अझ यसमा नुनचुक थपिएको अवस्था भयो रुस तथा युक्रेन युद्ध र त्यसबाट उत्पन्न संसारव्यापी आर्थिक सङ्कट ।

नेपालको पर्यटन तथा अर्थतन्त्र विकास सन्दर्भमा यो सन् २०२५ फेरि अर्को सङ्कट बनेर आयो जेन्जी आन्दोलनका नाममा घुसपैठवालाहरूले गरेको महाविनाश । होटल क्षेत्रलाई ठूलो नोक्सानी भयो । बाह्य संसारमा अशान्ति र अनिश्चितताको सन्देश दिन दुगुना रात चौगुना भनेजस्तै फैलियो । काठमाडौँ, पोखरा, लुम्बिनीजस्ता प्रमुख गन्तव्यका होटलहरू सुनसान बन्न पुगेका छन् । सेप्टेम्बर, अक्टोबर र नोभेम्बर महिनाका लागि बुकिङ भएका उडान तथा होटल कोठाहरू धमाधम रद्द गरिएबाट यतिबेला नेपालका पर्यटन व्यवसायी हतोत्साही भएका छन् । नब्बे प्रतिशतभन्दा बढी बुकिङ रद्द हुनु कम्ती दुःखद् कुरा होइन । व्यवसायी पलायनको रोगले अर्को 'कोरोना'मय चिन्ता र निराशा ल्याउने हो कि भन्ने संशय पनि उत्तिकै छ ।

**आशा जारी राखौँ**

जे होस्, नेपाली पर्यटन फेरि जगाउनुपर्छ, उठाउनु पर्छ । अपार सम्भावना छ, यसमा हामी कसैको दुईमत रहँदैन । तर पर्यटन विकासमा आएका अनेक अवरोध, तगारा र बाडुलीहरूले पर्यटनका माध्यमबाट नेपालमा समृद्धि ल्याउने, समुदायको दिगो विकासमा टेवा पुऱ्याउने हाम्रा दिगो आकाङ्क्षाहरू साँच्चीकै दिगो रूपमा रूपान्तरण गर्ने कसरी भन्ने कुरामा हामी अझ सशक्त ढङ्गले लाग्नुपरको छ । सोचाइसँगै व्यवहारमा पनि नयाँ ढङ्गले सोच्नुपरेको छ । जेन्जी आन्दोलनपछिको नयाँ नेपालमा जेन्जी पुस्तालाई पनि अधिकतम् सहभागी गराउँदै र जिम्मेवारी बहन तथा कर्तव्यबोध गराउँदै नेपाली पर्यटनले फरक ढङ्गले सोच्नुपरेको छ । नेपालको नयाँ पर्यटनमा ग्रामीण पर्यटनको उत्थान, होमस्टे पर्यटनको प्रवर्द्धन, समावेशी सांस्कृतिक पर्यटनलाई बढावा, कर्णाली, मधेस तथा सुदूरपश्चिम प्रदेशको पर्यटनलाई आक्रामक ढङ्गको प्रचारप्रसार तथा विशेष सहुलियतका प्याकेजहरूको प्रावधानजस्ता कुरा अपरिहार्य छन् । साथै, पर्यटन उपज भनुँ वा क्रियाकलापमा एउटा सशक्त पर्यटन हुनसक्छ 'आरोग्य पर्यटन' अर्थात् 'वेलनेस टुरिजम' ।

**आरोग्य पर्यटनको प्रचार र विस्तार**

विश्वले नै यतिबेला नयाँ नयाँ खालको पर्यटन अनुभव गर्न खोज्दैछ । नेपालको खास विशेषता भएका पक्ष हामीले उजागर गर्न ढिला भएको एउटा यथार्थ छ । आरोग्य पर्यटनको अपार सम्भावना भएर पनि हामीले यसको सही उपयोग र प्रभावी प्रकारको प्रचारप्रसार गर्दै विश्वभरका पर्यटकलाई तान्ने अवसर गुमाइरहेका छौँ । यो पङ्क्तिकारले हालै बाह्र दिने विपश्यना (आरोग्य पर्यटनको एक हिस्सा) मा भाग लिने अवसर पायो । भदौ १६ देखि २७ सम्म बुढानीलकण्ठ-शिवपुरी क्षेत्रमा अवस्थित नेपाल विपश्यना ध्यान-केन्द्रमा सम्पन्न ध्यान शिविरमा करिब पौने दुई सय नेपाली तथा करिब दुई दर्जन विदेशी (खासगरी युरोपियन तथा अमेरिकी) थिए । नेपालमा जेनजी आन्दोलन चलिरहेको रहेछ । तर हामीलाई केही थाहा भएन । हामी ध्यानमा मस्त थियौँ । शान्तिको वातावरणमा दिनहुँ भवतु सर्वमङ्गलम्को पवित्र मन्त्रोच्चारणका साथ आरम्भ र अन्त्य गरिने विपश्यना आफैँमा शान्ति पर्यटन, आरोग्य पर्यटन, स्वास्थ्य पर्यटनको अनुपम उदाहरण हो ।

धेरैजनासँग भेट्ने र कुरा गर्ने अवसर त्यहाँ हुँदैन । अतःअन्तिम दिन एक विदेशी साधकसँग कुरा गरिहालुँ भन्ने लाग्यो । बेलायतको क्याम्ब्रिज सहरबाट आएका रहेछन् करिब २५ वर्षे पिटर विल्सन । उनले इन्टरनेटबाट नेपालमा विपश्यनाका उत्कृष्ट ध्यान केन्द्रहरू रहेको थाहा पाएछन् । विश्वविद्यालयको स्नातकोत्तर पढाइ सकिनेबित्तिकै नेपाल घुम्न जाने र त्यही बेला ध्यान शिविरमा पनि सहभागी बन्ने सपना पूरा भएको रहेछ । ध्यान शिविरको कार्यक्रम सकिनेबित्तिकै रसुवाको लाङटाङ तथा वपरिका क्षेत्र घुम्न जाने उनको योजना रहेछ । भदौ २९ र ३० गतेतिर जेन्जी आन्दोलनपछिको नेपालको वातावरण सहज बन्दै गएकाले उनी रसुवातिर घुम्न पनि गए ।

यो उदाहरण ल्याउनुको अर्थ के भने नेपालमा आरोग्य पर्यटनका रूपमा विस्तार हुँदै गएका ऋग्वेदीय विपश्यना ध्यान, पतञ्जली योग तथा ध्यान, आर्ट अफ लिभिङका आरोग्यमुखी ध्यान तथा अन्य क्रियाकलापहरू, ओशो केन्द्रहरूमा हुने ध्यान शिविरहरू, विभिन्न हिन्दू मन्दिरमा आयोजना हुने पूजापाठ, भजनकीर्तन, प्रवचन, शास्त्रार्थ आदि र धार्मिक तथा आध्यात्मिक वातावरणले सुसज्जित विभिन्न बौद्धगुम्बा तथा आरोग्य आश्रमहरूले यस दिशामा अपार योगदान पुऱ्याउने सम्भावना देखिएको छ । पिटरजस्ता हजारौँ युवा, वयस्क तथा ज्येष्ठ नागरिकहरू नेपालको शान्त, शीतल तथा सौहार्द वातावरणमा हराइ हप्तौँ हराउन चाहन्छन् । जीवनको अनुपम र अद्वितीय आनन्द लिन चाहन्छन् । नेपालकै विभिन्न सहर र गाउँका व्यक्तिहरू अर्को स्थानमा गएर ध्यान तथा योगमा भाग लिने प्रवृत्ति पनि बढ्दो छ । आरोग्य पर्यटन विस्तारका लागि यी भर्भराउँदा नयाँ सम्भावना हुन् । प्रत्येक हिमालका फेदी, डाँडाकाँडा, नदी किनार तथा असङ्ख्य गुफाले नेपालमा योग तथा ध्यान पर्यटनको सम्भावना बोकेर बसेका छन्, हाम्रा बर्कत र नयाँ अभियान तथा पहल प्रतीक्षा गरेर बसेका छन् । अब खाँचो छ यी अमूल्य अवसरको महसुस गर्नु, दीर्घकालीन अर्थात् दिगो विकासको योजना बनाउनु, स्थानीय व्यक्तिहरूलाई समेत बढीभन्दा बढी सहभागी गराई ती ठाउँ र क्रियाकलापको प्रवर्द्धन तथा व्यवस्थापन गर्नु, र आइसकेका व्यक्तिहरूको अत्यधिक प्रयोग गरी 'मुखार सन्देश' (वर्डस् अफ माउथ) फैलाउने उपाय अवलम्बनका साथ डिजिटल प्रचारका माध्यमबाट विश्वभरि पुग्नु ।

नेपालका सबैजसो पर्यटन योजना तथा नीतिहरूमा पनि स्वास्थ्य पर्यटन, आरोग्य पर्यटन, शान्ति पर्यटन (पिस टुरिजम) लाई चर्चा गर्ने र जोड दिने दिइएको छ । तर नीतिगत जोडमात्रभन्दा पनि कार्य र थितिगत जोड अबको आवश्यकता हो । स्वास्थ्य पर्यटन भनेको अस्पतालमा उपचार गराउन आउनेबाट हुने पर्यटन हो भन्ने सोचाइसमेत परिवर्तन गरी मनभित्रको शान्ति खोजी मानसिक, शारीरिक तथा आध्यात्मिक तवरले स्वस्थ रहने पद्धति अर्थात् आरोग्यमुखी पर्यटन विकास गर्नमा बुद्धभूमि, शिवभूमि, पाणिनिभूमि, वाल्मिकी भूमि, जनकभूमि, रामभूमि, सीताभूमि रहेको पवित्र देश नेपालले यो सन्देश विश्वभर छर्न सक्छ, पर्यटनबाट अपार लाभ लिन पनि सक्छ र पर्यटनका माध्यमबाट यहाँका जनताको दिगो रूपान्तरण हुने सोचलाई व्यवहारमा उतार्न पनि सक्छ भन्ने कुरामा सबैले विश्वास गरौँ । त्यसैअनुरूप अगाडि बढ्ने प्रण पनि आजैदेखि गरौँ । *(लेखक काठमाडौँ विश्वविद्यालयबाट शिक्षा, सिकाइ र पर्यटन विषयमा विद्यावारिधि प्राप्त शोधकर्ता तथा ग्रामीण पर्यटन विशेषज्ञ हुनुहुन्छ)*

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# हराएका हातहतियार फिर्ता गर्न गृहको आग्रह

काठमाडौँ, १० असोज (रासस) ।

गृह मन्त्रालयले गत भदौ २३ र २४ गते भएको प्रदर्शनका क्रममा काठमाडौँलगायतका मुलुकका विभिन्न भागमा सुरक्षा निकायको साथबाट हराएका हतियार बुझाउन आग्रह गरेको छ ।

गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेका अनुसार, मुलुकका विभिन्न भागमा सुरक्षा निकायको साथबाट हराएको हातहतियार र खरखजाना कही कसैले फेला पारेमा नजिकको सुरक्षा निकायमा यही असोज मसान्तसम्म बुझाउनुहुन अनुरोध छ ।

सो मितिभित्र हातहतियार र खरखजान बुझाउन ल्याएमा वा त्यसको जानकारी दिएमा त्यस्ता व्यक्तिलाई उचित सम्मान गरिने मन्त्रालयले जनाएको छ । सो मितिपश्चात कोहीकसैसँग ती हराएका हातहतियार र खरखजाना फेला परेमा कानुनबमोजिम कारबाही हुने मन्त्रालयले जनाएको छ ।

गत भदौ २३ र २४ गते भएको प्रदर्शनका क्रममा भएका भौतिक एवं मानवीय क्षतिको छानबिन गर्न गठित जाँचबुझ आयोगले काम सुरु गरेको छ ।

आयोगलाई भौतिक एवं मानवीय क्षतिसँग सम्बन्धित सूचना वा निवेदन ग्रहण गरी विश्लेषण गर्ने र कारबाहीको सम्बन्धमा आवश्यक राय दिने कार्यादेशसमेत रहेकाले प्रारम्भिक काम सुरु गरेको छ । सरकारले जाँचबुझ आयोग ऐन, २०२६ बमोजिम गौरीबहादुर कार्कीको नेतृत्वको जाँचबुझ आयोग गठन गरेको छ ।

आयोगको कार्यक्षेत्रमा रहने विषयमा सरकारका नियमित संयन्त्रबाट तत्काल कारबाही अगाडि नबढाइने तर गैरकानुनी रूपमा भएका र हुने गतिविधिमा कानुनअनुसार कारबाही हुने गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले जानकारी दिनुभयो ।

# नेपालकै पहिलो सामाजिक सञ्जाल 'ग्लोबल डायरी' सार्वजनिक

काठमाडौं, १० असोज (रासस)।

नेपाललाई डिजिटल रुपमा जोड्नु हो व्यक्तिहरुदेखि व्यवसायसम्म-नवप्रवर्तन, सहकार्य र विश्वस्तरीय प्रतिस्पर्धात्मकता बढाउने उद्देश्यले नेपालकै पहिलो एआई प्रविधिद्वारा सञ्चालित सामाजिक सञ्जाल प्लेटफर्म 'ग्लोबल डायरी' सार्वजनिक गरिएको छ। नेपालमै विकास गरिएको यस सामाजिक प्लेटफर्मले डिजिटल रूपान्तरण, व्यावसायिक सशक्तीकरण र समावेशी प्राविधिक विकासलाई एकैसाथ अघि बढाउने महत्वाकाङ्क्षासहित औपचारिक यात्रा सुरु गरेको हो।

व्यवसाय, व्यक्तित्व र सरकारी निकायलाई सशक्त बनाउने उद्देश्यले तयार पारिएको यस प्लेटफर्ममा सम्पर्क, व्यापार र अवसरहरूलाई एउटै प्लेटफर्ममा समेटिएको छ। नेपाली आइटी विज्ञ युवाले आफ्नै लगानी र ज्ञानको उपयोग गर्दै सिर्जना गरेको यस प्लेटफर्ममा एआई सञ्चालित बुद्धिमत्तासँग, ग्लोबल डायरी विश्वसनीय जडान, सस्तो डिजिटल उपस्थिति र दिगो वृद्धि सुनिश्चित गरिएको ग्लोबल डायरीका प्रमुख कार्यकारी अधिकृत भगवानदास अग्रहरि बताउनुहुन्छ।

उहाँका अनुसार ग्लोबल डायरी नेपालको माटोमै बनाइएको भए तापनि यसको उद्देश्य, कार्यशैली र पहुँच भने अन्तरराष्ट्रिय मापदण्डअनुसार तयार गरिएको छ। यस प्लेटफर्मले व्यक्तिगत प्रयोगकर्ता, व्यावसायिक संस्था तथा सरकारी निकायलाई एउटै डिजिटल संरचनामा जोडेर सम्पर्क, व्यापार, सेवा तथा अवसरलाई सजिलै पहुँचयोग्य बनाउने उद्देश्य बोकेको छ।

नेपालको टुक्रिएको डिजिटल संरचनालाई सम्बोधन गर्दै एउटै एआई-सञ्चालित बहुपक्षीय प्लेटफर्ममार्फत सबै पक्षलाई सशक्त बनाउने लक्ष्यसहित ग्लोबल डायरीको निर्माण गरिएको उहाँको भनाइ छ।

नेपालको टुक्रिएको डिजिटल प्रणालीलाई समाधान गर्नु र व्यक्तिहरू, व्यवसायहरु तथा सरकारी निकायलाई एउटै कृत्रिम बुद्धिमत्ता (एआई) चालित डिजिटल मञ्चमार्फत सशक्त बनाउनु ग्लोबल डायरी निर्माणको मुख्य उद्देश्य रहेको संस्थाका अध्यक्ष शेखर अर्यालले जानकारी दिनुभयो।

उहाँका अनुसार विभिन्न डिजिटल उपकरणमा छरिएका जानकारीको सट्टा, ग्लोबल डायरीमा प्रयोगकर्ताले आफ्नो परिचय, व्यवसाय पृष्ठ र व्यावसायिक विवरण सहजै व्यवस्थापन गर्न सक्छन्। ग्लोबल डायरीलाई सस्तो र विस्तारयोग्य (स्केलेबल) बनाइएको छ, जसले साना व्यवसाय र व्यक्तिहरूलाई पनि आधुनिक डिजिटल उपकरणहरू प्रयोग गर्ने अवसर प्रदान गर्नेछ।

व्यक्तिहरूले आफ्नो सीप, उपलब्धिहरूको सङ्कलन ( पोर्टफोलियो), उपलब्धि तथा सेवाहरू प्रस्तुत गर्न सक्छन्, जसले नेटवर्क विस्तार, रोजगारी, र स्वतन्त्र पेसागत (फ्रिलान्स) अवसरहरू बढाउने हुँदा यसले प्रयोगकर्ताको सशक्तीकरण गर्ने बताइएको छ।

साना व्यवसाय, नवउद्यम (स्टार्टअप) तथा ठूला कम्पनीहरूले विपणन उपकरण, विश्लेषणात्मक सुविधा, ग्राहक संलग्नता प्रणाली, र भर्ती ( हायरिङ) मञ्चमार्फत प्रभावकारी रूपमा विस्तार गर्नसक्ने अध्यक्ष अर्याल बताउनुहुन्छ। साथै, देशमै विकास गरिएको डिजिटल मञ्चका रूपमा, यसले नेपालमा आधारित आवश्यकता, मापदण्ड र राष्ट्रियस्तरको डेटा सुरक्षालाई प्राथमिकता दिने उहाँले जानकारी दिनुभयो।

परम्परागत डिजिटल मञ्चले नेपाली प्रयोगकर्ता, व्यवसाय र सरकारी निकायलाई पर्ने वास्तविक समस्या समाधान गर्न सक्दैनन् तर ग्लोबल डायरीले भने देशभरका व्यक्तिहरू र व्यवसायलाई एउटै डिजिटल मञ्चमा जोडेर डिजिटल समावेशिता तथा नवप्रवर्तनको मार्ग खोल्नेछ। यसले करिब ६० प्रतिशतसम्म डिजिटल खर्च घटाउने, स्थानीय रोजगारीका अवसर, व्यक्तिगत रुचिअनुसारको खोज र भरपर्दो सम्पर्कको पहुँच बढाउने मात्र नभई केन्द्रीय व्यावसायिक तथ्याङ्क, डिजिटल समावेशीकरणमा सहयोग र विदेशी डिजिटल मञ्चमा जाने वार्षिक १५० मिलियन अमेरिकी डलरभन्दा बढीको विज्ञापन खर्च रोक्ने उहाँको दाबी छ।

यस प्लेटफर्मले स्थानीयस्तरमै विकास र विश्व बजारसम्म पुग्ने क्षमता राख्नेछ। यस्तै सस्तो र सबैलाई समेट्ने खालको तथा केवल सुविधा दिने मात्र नभई वास्तविक समस्या समाधान गर्ने, समुदाय-केन्द्रित विकासलाई अगाडि बढाउने माध्यमका रुपमा लिइएको संस्थाले जनाएको छ। यसमा अन्य सामाजिक सञ्जालमा जस्तै व्यक्तिहरूले आफ्नो सीप, अनुभव, उपलब्धि र पोर्टफोलियो सजिलै प्रदर्शन गर्न सक्छन् भने साना व्यवसायदेखि ठूला कम्पनीसम्म आफ्ना सेवा र उत्पादनहरू डिजिटल रूपमा प्रस्तुत गर्न सक्छन्।

यस प्लेटफर्ममा एआई-चालित सुझाव प्रणाली भएकाले नेटवर्किङ, रोजगारी वा व्यवसाय वृद्धि लागि उपयुक्त अवसरहरू सिफारिस गर्न, व्यक्तिहरू, व्यवसाय र सरकारी निकायलाई एउटै प्लेटफर्ममा जोड्ने सुविधा प्राप्त गर्न सकिनुका साथै व्यवसायहरूका लागि डिजिटल मार्केटिङ, विज्ञापन, र ग्राहक संलग्नता उपकरण, व्यवसाय र व्यक्तिगत प्रोफाइलको प्रदर्शन, पहुँच र प्रभाव मूल्याङ्कन गर्ने सुविधा पनि प्राप्त गर्न सकिन्छ। सजिलै सम्पर्क, प्रोफाइल र सेवा साझा गर्न क्युआर कोड आदानप्रदान गर्न, व्यवसाय र व्यक्तिहरूले आफ्ना सेवा वा उत्पादनहरू सूचीबद्ध गर्न, नयाँ अवसर, समाचार वा सूचना सही समयमा प्राप्त हुने सुविधा उपलब्ध हुन सक्दछ।

# सिटिइभिटीद्वारा शिक्षामन्त्रीको निर्देशन कार्यान्वयन सुरु

काठमाडौं, १० असोज (रासस)।

पाठ्यक्रम सुधार र सम्बन्धनको अन्योल अन्त्यलगायतका विषयमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुनले दिनुभएको आठबुँदे निर्देशन कार्यान्वयनका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ( सिटिइभिटी) ले काम थालेको छ।

परिषदका अध्यक्षसमेत रहनुभएका मन्त्री पुनले बिहीबार परिषद्लाई मौजुदा पाठ्यक्रममा सुधार गरी नवप्रवर्तनलाई समावेश गर्न खाका तयार गरी असोज मसान्तभित्र पेस गर्नेलगायत लिखित निर्देशन दिनुभएको थियो। निर्देशनमा एकीकृत क्यालेन्डर बनाउने र परीक्षाको परीक्षाफल तीन महिनाभित्र अनिवार्य रुपमा प्रकाशनको व्यवस्था गर्नु भनी उल्लेख थियो।

यसैगरी सिटिइभिटीमा विद्यार्थी, अभिभावक र शिक्षकहरुको गुनासो सुन्ने र प्राप्त गुनासोको अभिलेखीकरण र सम्बोधन गर्ने शाखा तुरुन्त बनाउन निर्देशन दिइएको छ। २०६९ सालदेखि अहिलेसम्म सम्बन्धनका लागि प्राप्त भएका सम्पूर्ण आवेदनहरु अध्ययन गरी असोज मसान्तभित्र प्रतिवेदन पेस गर्ने र सम्बन्धन दिने नदिने निर्णय तुरुन्त गर्न पनि मन्त्री पुनले निर्देशन दिनुभएको थियो।

सिटिइभिटीका सदस्य सचिव ई महेश भट्टराईले नयाँ शिक्षामन्त्रीले आफूहरुले भोग्दै आएका समस्या र समाधानका लागि थालेका पहलबारे विषयवस्तु बुझेर निर्देशन दिनु सकारात्मक रहेको बताउँदै त्यसलाई कार्यान्वयनको प्रक्रिया थालिएको जनाउनुभयो।

उहाँका अनुसार हाल सम्बन्धनका लागि करिब ५०० संस्थाको आवेदन विचाराधीन छन्। "सम्बन्धनका लागि आवेदन आएका विषयमा भर्नाको चाप देखिँदैन तर पनि सम्बन्धन मागेका छन्। राज्यको निकायले सञ्चालन गर्न अनुमति दिएपछि सञ्चालनको सुनिश्चितताको आधार पनि खोज्नुपर्ने हुन्छ", सदस्यसचिव भट्टराईले राससँग भन्नुभयो, "संस्था सञ्चालनका लागि सामाजिक र आर्थिक रुपमा स्पष्ट हुनुपर्ने हुन्छ। त्यसका आधारमा हामीले गरेका अध्ययन र गृहकार्यलाई मन्त्रीज्यूको निर्देशनअनुसार चाँडो टुङ्गोमा लैजानेछौं।"

लामो समयसम्म सम्बन्धन रोक्का हुँदा लगानी र पूर्वाधार तयारी गरेका संस्थाहरुले मर्का परेको गुनासो गर्दै आएकामा निवर्तमान शिक्षामन्त्री रघुजी पन्तका पालामा अध्ययन र छानबिन प्रक्रिया अघि बढेको थियो। त्यही कामको निरन्तरतामा नयाँ मन्त्रीको निर्देशनबमोजिम चाँडै निष्कर्षमा लानुपर्ने सिटिइभिटीका प्रवक्ता टैलेन्द्र आचार्यले जानकारी दिनुभयो।

हाल परिषद् मातहत ६७ वटा आङ्गिक शिक्षालय, ५६ वटा साझेदार शिक्षालय, ६३९ प्राविधिक शिक्षा सञ्चालन गर्ने सामुदायिक र ४२१ वटा निजी शिक्षण संस्था सञ्चालनमा छन्। ती संस्थाले कृषि तथा वन, इञ्जिनियरिङ, स्वास्थ्य, होटल व्यवस्थापनलगायत क्षेत्रमा डिप्लोमा/प्रमाणपत्र तह तथा प्रि-डिप्लोमा तहका कार्यक्रम सञ्चालन गर्छन्। परिषद्बाट जीविकोपार्जन र उद्यमशीलताको विकास गर्न व्यावसायिक सीपका लागि छोटो अवधिको तालिम सञ्चालन गर्न एक हजार ८५० निजी संस्थाले अनुमति लिएका छन्।

### 'सुरक्षित...

गर्भपनपछि परिवार नियोजन साधनका नियमित आपूर्ति सुनिश्चित गर्न पनि जोड दिँदै आइएको छ।

नेपालमा विसं २०५९ असोज १० गते मुलुकी ऐनको ११औँ संशोधनमार्फत गर्भपतनलाई कानुनी मान्यता दिइएपछि हरेक वर्ष यो दिवस मनाउने गरिएको हो। महिलाको मन्जुरी र स्वनिर्णयमा सुरक्षित गर्भपन सेवा उपलब्ध छ। सामान्य अवस्थामा गर्भवतीको मन्जुरीमा १२ हप्ता र विशेष अवस्थामा २८ हप्तासम्मको गर्भपतन गर्न पाउने अधिकारको व्यवस्था छ।

### प्रधानमन्त्री...

सञ्जालबाट समाचार/पोष्टहरू गरेको पाइएको हुँदा यस्तो भ्रममा नपर्न सबैमा अनुरोध छ", विज्ञप्तिमा भनिएको छ।

प्रधानमन्त्री कार्यालयले यस किसिमको गैरकानुनी कार्य गरेमा प्रचलित कानुनबमोजिम आवश्यक कारबाही हुने व्यहोरासमेत सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरेको छ।

### आठ...

१३ हजार ५८५ र सुधारगृहबाट ९६४ कैदीबन्दी भागेका थिए। यसबीचमा १० कैदीबन्दीको भने मृत्यु भएको छ। कूल ३० हजार ६४६ कैदीबन्दी रहेकामा हाल २३ हजार ४४६ जना रहेका छन्।

## विश्व समाचार

# ट्रम्पको नयाँ शुल्क घोषणा : औषधि, ठूला ट्रक र फर्निचरमा कर

वासिङ्टन, १० असोज (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार आफ्नो विश्वव्यापी व्यापार युद्धलाई पुनर्जीवित गर्दै औषधि, भारी ट्रक, घर नवीकरण सामग्री र फर्निचरमा उच्च कर लगाउने घोषणा गर्नुभएको छ। गत अप्रिलमा विश्वभरका प्रायः सबै अमेरिकी व्यापारिक साझेदारहरूलाई लक्षित गर्दै पारस्परिक भन्सार शुल्क घोषणा गरेपछि यो ट्रम्पको सबैभन्दा कठोर व्यापारिक कदम हो। अक्टोबर १ देखि सुरु हुने नयाँ नीतिअनुसार अमेरिकामा उत्पादन नभएका ब्रान्डेड वा प्याटेन्टेड औषधि उत्पादनमा सतप्रतिशत प्रतिशत भन्सार शुल्क लगाइनेछ। राष्ट्रपति ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममार्फत घोषणा भन्नुभयो, "जबसम्म कुनै कम्पनीले अमेरिकाभित्र औषधि कारखाना निर्माण गर्दैन, त्यस्तो उत्पादनमा कर अनिवार्य हुनेछ।"

यस कदमको कडा आलोचना अस्ट्रेलियाबाट आएको छ। सन् २०२४ मा मात्रै अस्ट्रेलियाले अमेरिकामा करिब एक अर्ब ३५ करोड डलर मूल्यका औषधि निर्यात गरेको संयुक्त राष्ट्रसङ्घको कमट्रेड डाटाबेसले देखाउँछ। अस्ट्रेलियाका स्वास्थ्यमन्त्री मार्क बटलरले शुक्रबार प्रतिक्रिया दिँदै भन्नुभयो, "उच्च दरहरूले अमेरिकी उपभोक्तालाई हानि पुऱ्याउँछन्, यद्यपि अस्ट्रेलियाली निर्यातकर्ताले स्वतन्त्र व्यापारबाट लाभ उठाइरहेका छन्।" औषधिपछि ट्रम्पले ट्रक उद्योगलाई लक्षित गर्नुभएको छ। उहाँले भन्नुभयो, "पिटरबिल्ट, केनवर्थ, फ्रेटलाइनर, म्याक ट्रक र अन्य अमेरिकी उत्पादकलाई सहयोग गर्न हामी विश्वका अन्य देशमा बनेका सबै भारी ट्रकमा २५ प्रतिशत भन्सार शुल्क लगाउँछौं।"

यसले स्विडेनको भोल्भो र जर्मनीको डेमलर (फ्रेटलाइनर, वेस्टर्न स्टार ब्राण्ड) जस्ता विदेशी कम्पनीलाई प्रत्यक्ष असर पुऱ्याउनेछ। युरोपमा सेयर बजार खुला दुवै कम्पनीको मूल्य तीव्र रूपमा घटेको छ। राष्ट्रपतिले यो कदमलाई 'राष्ट्रिय सुरक्षा' सँग जोड्दै यस वर्षको सुरुमा सुरु गरिएको धारा २३२ अनुसन्धानलाई आधार बनाउनुभयो। उक्त प्रावधानले राष्ट्रपतिलाई आयातले राष्ट्रिय सुरक्षामा खतरा पुऱ्याएको ठहरिएमा भन्सार शुल्क वा प्रतिबन्ध लगाउने अधिकार दिन्छ। ट्रम्पले यसलाई बारम्बार प्रयोग गर्दै अमेरिकी उत्पादनलाई मजबुत बनाउन खोज्नुभएको छ।यसै क्रममा, ट्रम्पले घर नवीकरणका सामानलाई पनि करको दायरामा ल्याउनुभएको छ। उहाँले घोषणा गर्नुभयो, "अक्टोबर १ देखि सबै किचन क्याबिनेट, बाथरुम भ्यानिटी र सम्बन्धित उत्पादनमा ५० प्रतिशत करका साथै साथै अपहोल्स्टर्ड फर्निचरमा ३० प्रतिशत कर लगाइनेछ।"

अमेरिकी अन्तर्राष्ट्रिय व्यापार आयोगका अनुसार सन् २०२२ मा फर्निचरको कुल बिक्रीमध्ये ६० प्रतिशत आयातमा आधारित थियो। यसमा ८६ प्रतिशत काठको फर्निचर र ४२ प्रतिशत अपहोल्स्टर्ड फर्निचर बाहिरबाट आयात भएको थियो। घोषणापछि आयातमा निर्भर वेफेयर र विलियम्स सोनोमा जस्ता खुद्रा कम्पनीहरूको सेयर तत्काल घटेको छ यी नयाँ भन्सार शुल्कहरूले अमेरिकी अर्थतन्त्रमा मुद्रास्फीतिको जोखिम बढाउने आशङ्का गरिएको छ। ट्रम्पले आधुनिक अमेरिकाको खुला र आयात-निर्भर नीतिलाई उल्ट्याउँदै संरक्षणवादी शैलीमा उत्पादन पुनर्निर्माण गर्ने अभियान चाल्नुभएको छ। उहाँको प्रशासनले पहिले नै सबै देशमा आधारभूत १० प्रतिशत कर लगाइसकेको छ। यसमा अमेरिकासँग व्यापार असन्तुलन बढी हुने राष्ट्रहरूलाई अझ उच्च दर तोकिएको छ। साथै, उहाँले फेन्टानिल तस्करी र अवैध आप्रवासनलाई कारण देखाउँदै क्यानाडा, मेक्सिको र चीनमाथि आपत्कालीन शक्तिबाट थप कर पनि लगाउनुभएको छ। अर्को हप्ता सुरु हुने यी नयाँ भन्सार शुल्कहरूले विद्यमान उपायहरूमा कसरी कारक हुनेछ भन्ने कुरा अझै स्पष्ट भएको छैन।

# भारतको मिग-२१ लडाकू विमान ६ दशकपछि सेवानिवृत्त

नयाँदिल्ली, १० असोज (रासस/एपी)।

भारतले शुक्रबार सोभियत युगको मिग-२१ लडाकू जेटलाई आधिकारिक रूपमा अवकाश दिएको छ। एक समय वीरता र युद्धकौशलका लागि प्रशंसित यो विमान ६० वर्षभन्दा बढी सेवा पश्चात अन्ततः विदाइ गरिँदा यसको नामसँग जोडिएको 'फ्लाइङ कफिन' को उपनाम पनि इतिहासमा सीमित भएको छ। भारतीय वायुसेनाले चीन र पाकिस्तानबाट दुई मोर्चामा सम्भावित सुरक्षा चुनौतीको सामना गर्न आफ्नो फ्लीटलाई विस्तार र आधुनिक बनाउनुपर्ने आवश्यकता औँल्याउँदै मिग-२१ सेवामुक्त भएको घोषणा गरेको हो। यो कदमसँगै वायुसेना हाल २९ स्क्वाड्रनमा सीमित भएको छ। यो सरकारद्वारा अनुमोदित ४२ स्क्वाड्रनभन्दा कम हो। हरेक स्क्वाड्रनमा १६ देखि १८ लडाकू जेट हुन्छन्। रक्षा विश्लेषक एन.सी. विपिन्द्राले चेतावनी दिँदै भन्नुभयो, "यदि फ्लीटमा आएको गिरावटलाई तुरुन्तै रोकिएन भने भारतका छिमेकी विरोधीहरूसँग आधुनिक युद्धमा प्रतिस्पर्धा गर्न गाह्रो हुनेछ।"

भारतले हाल फ्रान्स निर्मित राफेल र मिराज २०००, रूसी सु-३० र मिग-२९ का साथै स्वदेशी तेजस जेटहरू सञ्चालन गरिरहेको छ। तेजस कार्यक्रमलाई छिटो अघि बढाउन भारतले हालै ठूलो सङ्ख्यामा नयाँ अर्डर दिएको छ। सन् १९६० को दशकमा वायुसेनामा भित्र्याइएको मिग-२१ ले पाकिस्तान र चीनसँगका युद्धमा महत्त्वपूर्ण भूमिका खेलेको थियो। सुई-जस्तो नाक भएको सुपरसोनिक यो विमान एक समय भारतको वायु शक्ति मेरुदण्ड बनेको थियो। तर प्राविधिक कमजोरी र पुरानो प्रविधिका कारण लगातार दुर्घटनामा परेपछि यसलाई 'फ्लाइङ कफिन' भनियो।

आधिकारिक तथ्याङ्कअनुसार भारतले सन् १९६६ देखि सन् १९८० को बीचमा विभिन्न मोडेलका आठ सय ७२ मिग खरिद गरेको थियो। यसले भारतलाई विश्वकै ठूलो अपरेटर बनायो। तर १९७१ देखि सन् २०१२ सम्म चार सय ८२ दुर्घटनामा एक सय ७१ पाइलट, ३९ नागरिक, आठ सेवा सदस्य र एक एयरक्रूको मृत्यु भएको थियो। मानवीय त्रुटि र प्राविधिक समस्या मुख्य कारण ठहरिएका थिए। सन् २००६ मा मिग-२१ दुर्घटनामा पाइलटको मृत्युबाट प्रेरित बलिउड फिल्म 'रङ्ग दे बसन्ती' ले पनि यस विमानलाई जनचेतनामा गहिरो छाप छाड्यो। शुक्रबार चण्डीगढस्थित उत्तरी एयरबेसमा रक्षामन्त्री राजनाथ सिंहको उपस्थितिमा एयर मार्शल ए.पी. सिंहले नेतृत्व गरेको अन्तिम उडानसँगै मिग-२१ लाई रङ्गीन बिदाइ दिइयो। अवतरणपछि विमानलाई वाटर क्यानन सलामी दिइएको थियो। "मिग-२१ ले भारतीय फाइटर पाइलटहरूको पुस्तालाई प्रशिक्षित गऱ्यो। यसले मलाई आजको पाइलट बनायो", वायु सेनाको ग्रुप क्याप्टेन इन्द्रनील नन्दीले भावुक हुँदै भन्नुभयो।

# 'जेनजी प्रदर्शनका क्रममा मृत्यु भएका परिवारलाई रु १५ लाखका दरले आर्थिक सहायता दिइने'

काठमाडौँ, १० असोज (रासस)।

नेपाल सरकारले यही भदौ २३ र २४ को जेनजी प्रदर्शनका क्रममा मृत्यु भई पहिचान खुलेका मृतक नेपाली नागरिकका परिवारलाई रु १० लाखका दरले आर्थिक सहायता दिने निर्णय गरेको छ। यसैगरी काजकिरिया खर्च, खाना खर्च र यातायात खर्चबापत प्रतिपरिवार रु पाँच लाखका दरले आर्थिक सहायता उपलब्ध गराउने निर्णय भएको तर भाग्नेक्रममा मृत्यु भएका कैदीबन्दी र बालबन्दीको हकमा उक्त निर्णय लागू नहुने सरकारले जनाएको छ।

मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्न सञ्चार मन्त्रालयमा आयोजित नियमित पत्रकार भेटघाट कार्यक्रममा नेपाल सरकारका प्रवक्तासमेत रहनुभएका सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले यही बिहीबारको भएको बैठकमा मृतकका परिवारलाई आर्थिक सहयता दिने निर्णय भएको जानकारी दिनुभयो।

सञ्चारमन्त्री खरेलले भन्नुभयो, "नेपाल सरकार ( कार्य विभाजन-तेस्रो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने निर्णय भएको छ। सो निर्णय भएसँगै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत रहेका राजस्व अनुसन्धान विभाग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई अर्थ मन्त्रालयको कार्यक्षेत्रमा र राष्ट्रिय अनुसन्धान विभागलाई गृह मन्त्रालयको कार्यक्षेत्रमा सारिएको छ।"

सरकारले विश्वव्यापी आवधिक पुनरावलोकन (चौथो चक्र)को राष्ट्रिय प्रतिवेदन स्वीकृत गर्ने र उक्त प्रतिवेदन परराष्ट्र मन्त्रालयमार्फत संयुक्त राष्ट्रसङ्घको मानवअधिकार परिषद्मा पेस गर्ने तथा संयुक्तराज्य अमेरिकामा आयोजना हुने विश्व बैंक समूह र अन्तरराष्ट्रिय मुद्रा कोषको संयुक्त वार्षिक बैठकमा भाग लिन अर्थमन्त्री र अर्थसचिवको भ्रमण स्वीकृत गर्ने निर्णय गरेको छ।

सरकारले स्थानीय जलवायु अनुकूलनशील जीवनयापन सुविधा कार्यक्रम कार्यान्वयनका लागि संयुक्त राष्ट्रसङ्घीय पुँजी विकास कोषबाट प्राप्त हुने ४१ लाख ९० हजार अमेरिकी डलर बराबरको अनुदान सहायता स्वीकार गर्ने र धान खेती तथा खाद्य प्रणालीको जलवायु उत्थानशील रूपान्तरण परियोजनाका लागि विश्ववातावरण सुविधाबाट संयुक्त राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठनमार्फत प्राप्त हुने ८७ लाख ८७० अमेरिकी डलर बराबरको अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको प्रवक्ता खरेलले जानकारी दिनुभयो

यसैगरी राज्यकोषबाट लगानी भएका प्रतिष्ठान, बोर्ड, समिति तथा सार्वजनिक संस्थानलगायत निकायका पदाधिकारी तथा कर्मचारीको पारिश्रमिक तथा सेवासुविधामा एकरूपता कायम गर्नेसन्दर्भमा पूर्वसचिव रामप्रसाद डोटेलको संयोजकत्वमा गठित सुझाव कार्यदलको कार्यावधि ४५ दिन थप गर्ने निर्णय गरेको सञ्चारमन्त्री खरेलले जानकारी दिनुभयो।

बैठकले अर्को व्यवस्था नभएसम्मका लागि नेपाल बिमा प्राधिकरणको रिक्त सञ्चालक समितिको अध्यक्ष भइ कामकाज गर्नेगरी आन्तरिक राजस्व विभागका उपमहानिर्देशक जनकराज शर्मालाई जिम्मेवारी तोक्ने निर्णय गरेको छ।

सरकारले महानगरपालिका र उपमहानगरपालिकाभित्र एकपटकमा रु तीन करोडभन्दा बढीको घरजग्गा कारोबार गर्दा इजाजतपत्र लिने व्यवस्थासम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने निर्णय गरेको प्रवक्ता खरेलले जानकारी दिनुभयो।

मन्त्रिपरिषद्को बैठकले अनलाइन सञ्चारमाध्यम दर्ता गर्ने प्रयोजनका लागि सूचना तथा प्रसारण विभागको महानिर्देशकलाई स्थानीय अधिकारीका रूपमा तोक्ने, सुरक्षण मुद्रणसम्बन्धी नियमावली, २०८२ स्वीकृत गर्ने र सञ्चार तथा सूचना प्रविधिमन्त्रीलाई नेपाल सरकारको प्रवक्ता तोक्ने निर्णय गरेको मन्त्री खरेलले जानकारी दिनुभयो।

यसैगरी, सरकारले नेपाली सेनातर्फ नौ जना महासेनानीको सहायक रथीमा बढुवा गर्ने र तीन जना सहायक रथीको सरुवा गर्ने तथा दुई जना प्रमुख सेनानीको महासेनानी पदमा बढुवा गर्ने निर्णय गरेको छ।

मन्त्रिपरिषद्को बैठकले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्तर्गतका निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति दिने निर्णय गरेको पनि प्रवक्ता खरेलले जानकारी दिनुभयो।

प्रवक्ता खरेलका अनुसार सरकारले नेपाल प्रशासन सेवा समूहीकरण ( क्लष्टर)तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा सहसचिव श्री कृष्णप्रसाद काप्री र नेपाल इञ्जिनियरिङ सेवा समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा सहसचिव प्रा चिरञ्जीवी चटौतलाई बढुवा गर्ने तथा नेपाल विविध सेवा, राजपत्राङ्कित प्रथम श्रेणीका ( सूचना प्रविधि) सहसचिव डा रामगोविन्द अर्याल र श्री रमेश शर्मा पौड्यालको राजीनामा स्वीकृत गरेको छ।

नेपाल सरकार, मन्त्रिपरिषद्अन्तर्गत राजनीतिक समिति, आर्थिक तथा पूर्वाधार समिति, प्रशासन समिति, विधेयक समिति र सामाजिक समिति गठन गर्ने निर्णय भएको सञ्चारमन्त्री एवं सरकारका प्रवक्ता खरेलले जानकारी दिनुभयो।

# अर्थ मन्त्रालयमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली लागू

काठमाडौँ, १० असोज (रासस)।

अर्थ मन्त्रालयले एकीकृत कार्यालय व्यवस्थापन प्रणाली ( जिआइओएमएस) को सुरु गरेको छ।

उक्त प्रणालीबाट फाइल स्वीकृत गरी अर्थमन्त्री रामेश्वर खनालले शुक्रबार सो प्रणालीको शुभारम्भ गर्नुभयो। सरकारी निकायबाट सम्पादन हुने कार्यलाई एउटै सूचना प्रविधि प्रणालीमार्फत सरल, सहज, छरितो, मितव्ययी, पारदर्शी र प्रभावकारी सम्पादन गरी कागजरहित बनाउने सरकारको अवधारणालाई कार्यान्वयन गर्न यो प्रणाली सुरु गरिएको जनाइएको छ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गतको सूचना प्रविधि विभागद्वारा विकास गरिएको यो प्रणालीको प्रयोगलाई अर्थ मन्त्रालयमा अनिवार्य गरिएको छ।

उक्त प्रणाली प्रयोगगरी विद्युतीयमाध्यमबाट तोक आदेश तथा टिप्पणी निर्णय, चिठीपत्रको दर्ता तथा चलानी, हाजिरी, बिदा र काज स्वीकृत, अभिलेख व्यवस्थापनलगायत अनिवार्य रुपमा विद्युतीय हस्ताक्षरको प्रयोग गरी सम्पादन गर्नुपर्ने व्यवस्था गरिएको छ।

यस प्रणाली कार्यान्वयनबाट निर्णय प्रक्रियामा शिघ्रता, खर्चमा मितव्ययिता, कार्य प्रक्रियामा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि हुने अपेक्षा गरिएको अर्थ मन्त्रालयले जनाएको छ।

## फागुन...

गरेका नेपाली नागरिकले मतदाता नामावलीमा नाम दर्ता गर्न सक्ने र मतदाता नामावलीमा नाम दर्ता भएकामध्ये संवत् २०८२ साल फागुन २० गते सम्म १८ वर्ष पूरा हुने नेपाली नागरिकले मात्र फागुन २१ गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा मतदान गर्न पाउनेछन्", आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

# दसैंमा यात्रा गर्ने बाटो सहज भइसक्यो : सडक विभाग

काठमाडौँ, १० असोज (रासस)।

सडक विभागले दसैँमा काठमाडौँ उपत्यकाबाट बाहिरिने र भित्रिने यात्रुका लागि बाटो सहज भइसकेको जनाएको छ।

मुलुकका अधिकांश मुख्य राजमार्गको पहिरो पन्छाएर सुधारको काम भइसकेकाले अब यात्रुहरूले सास्ती भोग्न नपर्ने विभागले जनाएको छ। पृथ्वी, अरनिकोलगायत मुख्य राजमार्ग पहिरोका कारण यात्रुहरूले सास्ती भोग्नुपरेको थियो।

यसअघि पहिरोका कारण मुग्लिन-नारायणघाट सडकखण्ड अवरुद्ध हुँदा यात्रुहरू ४० घण्टाभन्दा बढी समय ट्राफिक जाममा बस्न बाध्य भएका थिए। विभागका प्रवक्ता प्रभातकुमार झाले अब ठूलो वर्षा नभए समस्या नआउने विश्वास व्यक्त गर्नुभयो। "दसैँका लागि यात्रु बाहिरिने क्रम सुरु हुनासाथ पहिरोका कारण पृथ्वी, अरनिलगायत मुख्य राजमार्ग नै पूर्ण रूपमा अवरुद्ध भए। यात्रुहरूले धेरै सास्ती भोग्नुपर्‍यो, तर हामीले २४ घण्टा नै खटिएर पहिरो पन्छाउने काम गर्‍यौँ। हाल बाटो सहज भइसकेको छ", उहाँले भन्नुभयो।

हाल चार राजमार्ग पूर्ण रूपमा र एक सय ७१ राजमार्ग एकतर्फी रूपमा सञ्चालनमा रहेका छन्। यसबाहेक ठोरी-भण्डारा-मलेखु, गल्छी-त्रिशुली-बेत्रावती-मैलुङ-स्याफ्रुबेँसी-रसुवागढी राजमार्ग अवरुद्ध हुँदा स्याउपार्किङ, रसुवागढीमा यातायात ठप्प छ। विभागका अनुसार हाल एक्साभेटर तथा लोडर प्रयोग गरी अवरुद्ध सडक खोल्ने प्रयास भइरहेको छ। गत साउन १४ गते चीनबाट बाढी आएको र नदीले सडक कटान गरेको कारण उक्त राजमार्ग अवरुद्ध भएको हो।

यसैगरी चतरा-मुलघाट-माझीटार-अमरापुरडाँडा-गणेशचोक (तमोर करिडोर) राजमार्गअन्तर्गत ताप्लेजुङको फक्ताङलुङ वडा नं ५ र ६ जोड्ने रानीपुल बेलीब्रिज पनि पूर्ण रूपमा अवरुद्ध भएको विभागको तथ्याङ्कमा उल्लेख छ। रेमिट हाइड्रोबाट पुनःबेलीब्रिज निर्माणका लागि पहल भएको विभागले जानकारी दिएको छ।

करिब पाँच वर्ष पहिले रेमिट हाइड्रोबाट तमोर नदीमा निर्मित रानीपुल बेलीब्रिज गत साउन ६ गतेको बाढीले बगाएको थियो। ठोरी, भण्डारा-मलेखु, गल्छी-त्रिशुली-बेत्रावती-मैलुङ-स्याफ्रुबेँसी-रसुवागढी राजमार्गअन्तर्गत रसुवाको तातोपानी र टिमुरे पनि पूर्ण रूपमा अवरुद्ध रहेको विभागले जनाएको छ।

यस्तै,रानी-विराटनगर-इटहरी-धरान-धनकुटा-हिले, लेघुवाघाट-तुम्लिङटार-खाँदवारी-नुम-किमाथाङ्का (कोशी राजमार्ग) अन्तर्गत सङ्खुवासभाको अल्फटेमा यातायात अवरुद्ध रहेको छ।

# वीरगञ्ज नाका पहिलो दुई महिनामा १७ अर्बको सामान निर्यात

पर्सा, १० असोज (रासस)।

चालु आर्थिक वर्षको दुई महिनामा वीरगञ्ज नाकाबाट रु १७ अर्ब तीन करोड मूल्य बराबरका वस्तु तथा सामान विदेशी मुलुकमा निर्यात भएको छ।

गत आवको सोही अवधिको तुलनामा चालु आवको दुई महिनामा रु १० अर्ब ९८ करोडभन्दा बढीको वस्तु तथा सामान निर्यात भएको हो। गत आवको पहिलो दुई महिनामा यस नाकाबाट रु छ अर्ब पाँच करोड मूल्य बराबरको वस्तु तथा सामान निर्यात भएको थियो।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले वीरगञ्ज नाका हुँदै चालु आवको दुई महिनामा निर्यात उत्साहजनक भएको बताउनुभयो। "गत आवको दुई महिनाको तुलनामा चालु आवको सोही अवधिमा यहाँबाट हुने निर्यात १८१ प्रतिशतले वृद्धि भएको छ", उहाँले भन्नुभयो, "गत आवको दुई महिनामा यहाँबाट हुने वैदेशिक व्यापारको अनुपात १:२० रहेको अहिले सो अनुपातमा सुधार भएर १:६० मा पुगेको छ।"

वीरगञ्ज नाका हुँदै चालु आवको दुई महिनामा रु आठ अर्ब ८४ करोड मूल्य पर्ने रु चार करोड २८ लाख २४ हजार ८७१ लिटर भटमासको तेल प्रशोधित निर्यात भएको छ। जबकी गत आवको सोही अवधिमा भने तीन लाख मूल्य पर्ने ४८० लिटर भटमासको तेल प्रशोधित निर्यात भएको थियो।

त्यस्तै चालु आवको दुई महिनामा रु एक अर्ब २४ करोड मूल्य पर्ने रु एक करोड २६ लाख ९५ हजार ७३२ लिटर फलफूलको जुस विदेशी मुलुकमा निर्यात भएको छ। जबकी गत आवको सोही अवधिमा भने रु एक अर्ब २९ करोड मूल्य पर्ने रु एक करोड ३६ लाख ४८ हजार १५५ लिटर जुस निर्यात भएको थियो।

चालु आवको दुई महिनामा एक अर्ब १७ करोड मूल्य बराबरको तीन करोड ४१ लाख १३ हजार २३० लिटर सूर्यमुखीको प्रशोधित तेल निर्यात भएको छ। जबकी गत आवको सोही अवधिमा भने नगन्य मात्रामा मात्रै निर्यात भएको थियो।




प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शंखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np